आज मिति २०७७ साल असार ५ गते शुक्रवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| व.आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: आ.व.२०७७/०७८ को नीति, कार्यक्रम तथा बजेटको तयारी सम्बन्धमा ।
प्रस्ताव नं.२: नक्सा पासको जरीवाना मिनाहा सम्बन्धमा ।
प्रस्ताव नं.३: प्रोत्साहन भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.४: बजेट संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.५: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.६: दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: अत्यावश्यक कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.८: आइसोलेसन हस्पिटल माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: खर्चको अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१०: विद्यालय समायोजन सम्बन्धमा ।
प्रस्ताव नं. ११ : एम्बुलेन्स व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा आगामी आषाढ १० गते हुने यस नगरपालिकाको तेत्तीसौं नगर सभामा पेश गर्ने गरी तयार पारिएको नीति, कार्यक्रम तथा बजेटको मस्यौदा प्रस्ताव उपर दफावार छलफल गरियो । मस्यौदा प्रस्तावमा आएका सुझावहरुलाई थप परिमार्जन गरी पुन: आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणलाई नेपालमा फैलन नदिन नेपाल सरकारबाट लकडाउनको घोषणा भएको र सोका कारण नक्सा पास प्रक्रियाको निर्धारित समय सिमा भित्र कार्यालयको सेवा लिन बञ्चित भएका घरधनीहरुलाई आगामी आषाढ मसान्त भित्र अवरुद्ध हुन पुगेको नक्सा पास प्रक्रियामा आउन सूचित गर्ने र सो अवधिसम्म जरीवाना नलिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख, जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोतीको कार्यबोझ अत्यधिक रहेको साथै कार्यालय समय अतिरिक्त समयमा पनि निजलाई कामकाजमा लगाउन पर्ने भएको हुँदा निजलाई २०७७ आषाढ महिनाबाट मासिक रू.७,०००। (सात हजार रुपैयाँ) प्रोत्साहन भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको नियन्त्रण एवं रोकथामका लागि देहाय बमोजिमका खर्च शीर्षकहरुबाट बजेट रकमान्तर गरी कोरोना नियन्त्रण तथा आइसोलेसन निर्माणका लागि आवश्यक बजेट कायम गरी खर्च गर्ने निर्णय गरियो ।

| क.सं. | खर्च शिर्षक | पूर्व विनियोजित रकम | थप गरिएको रकम | घटाइएको रकम | हाल कायम भएको रकम |
|---|---|---|---|---|---|
| १. | कोरोना नियन्त्रण तथा रोकथाम अभियान (आइसोलेसन निर्माण समेत) | | ५६,२०,०००। | ट्याक्टर खरिद योजनाबाट रू.५६,२०,०००। | ५६,२०,०००। |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा वडा नं.४ को वडागत शीर्षकमा विनियोजन भएको विभिन्न स्थानको नाला मर्मत शीर्षकको रकम रू.१,००,०००। (एक लाख रुपैयाँ) लाई सोही वडाको मिलनविन्दु मार्गमा स्ल्याव र पि.सि.सि. ढलान योजनामा परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अर्न्तगत विभिन्न खरिद कार्यको लागि प्रकाशित सिलबन्दी बोलपत्र/दरभाउपत्र आब्हान सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न फर्म/कम्पनीका सिलबन्दी बोलपत्र/दरभाउपत्रहरु मध्ये नगरपालिका मूल्यांकन समितिबाट स्वीकृतको लागि सिफारिस भई आए बमोजिम तपशिलमा उल्लेखित सिलबन्दी बोलपत्र/दरभाउपत्रदाताको बोलपत्र/दरभाउपत्र स्वीकृत गरी खरिद कार्य अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू. अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | ह्युमपाइप खरिद (ठेक्का नं.३५/ MUN/२०७६।०७७) | मनकामना ह्युमपाइप उद्योग कावासोती १४ | **रु.६,२८,६००।** | दरभाउपत्र |

| | | | | |
|---|---|---|---|---|
| २. | सेनिटरी प्याड खरिद (ठेक्का नं. १/EDU/२०७६/०७७) | इप्सु पतंजली सप्लायर्स, काठमाण्डौं | १८,५३,२००। | बोलपत्र |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | भू तथा जलाधार व्यवस्थापन कार्यालयसँग सहभागिता (नयाँगाउँ चौतारो गल्छी) | १४ | १,००,०००। | मर्मत सम्भार कोष |
| २. | मिलनटोल कसिङ्ग नाला निर्माण | १ | १,१८,०००। | मर्मत सम्भार कोष |
| ३. | सितलचोक मोटोर बाटो पैह्रो नियन्त्रण | ४ | ६,००,०००। | मर्मत सम्भार कोष |
| ४. | मत्स्य मार्ग पक्की नाला जोड्ने निर्माण | १ | ३,००,०००। | मर्मत सम्भार कोष |
| ५. | वडा कार्यालय भवन ट्रस निर्माण | ५ | ३,३६,७५४। | मर्मत सम्भार कोष |
| ६. | चुंदेर खानेपानी मोटर खरिद (पुरानो बिग्रिएको) | ५ | १,००,०००। | मर्मत सम्भार कोष |
| ७. | निर्मल मा.वि. फुलवारी एवं बगैंचा निर्माण | १ | ५०,०००। | शीर्षक ४.१.१६ |
| ८. | घर नक्सा शाखा र सिद्धार्थ बैंकको बीच पार्टेशन | ३ | ४०,४६२। | |
| ९. | मालपोत कार्यालय, तनहुँ, कोभिड-१९ सामग्री खरिद | ३ | २१,८००। | |
| १०. | नापी कार्यालय, तनहुँ कोभिड-१९ सामग्री खरिद | ३ | ७,९१०। | |
| ११. | अनन्त युवा क्लव (घर्ती चौतारा) मार्ग मर्मत सम्भार | १० | १,००,०००। | |
| १२. | रानीटारी टोल वोरिङ्ग खानेपानी इनार संरक्षण | ५ | ५०,०००। | |
| १३. | सप्ततारा प्राङ्गारिक कृषि समूह टनेल निर्माण | | ४०,०००। | |
| १४. | सामी भवन निर्माणमा नगरपालिकाको लागत सहभागिताका लागि | ३ | १,८८,०००। | |
| १५. | छिर्कने-कर्लुङ्ग मार्ग पैह्रो सरसफाई एवं नियन्त्रण तथा घर संरक्षण योजना | १२ | २,००,०००। | |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा विद्यमान कोरोना भाइरसको महामारीमा संक्रमितहरुको क्रम बढिरहेकाले सदरमुकाममा करिव १०० बेडको आइसोलेसन राख्ने अस्थायी हस्पिटलको व्यवस्थापन गर्नुपर्ने देखिंदा शैक्षिक तालिम केन्द्र व्यास ५, क्षेत्री समाजको भवन वडा नं.१ र आदिकवि भानुभक्त क्याम्पस विज्ञानचौर व्यास १ लाई सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमको खर्च अनुमोदन गरियो:

(क) व्यास ११ को जलविरे कुलो पैह्रो सरसफाई एवं भलपानी तर्काउने कार्यको खर्च रू.३२,०००। (बत्तीस हजार रुपैयाँ)

(ख) व्यास १ स्थित भद्रखोला कुलोको पाइप खरिद कार्यको खर्च रू.१,००,०००। (एक लाख रुपैयाँ)

(ग) व्यास १२ को विभिन्न योजनाहरुको सिंचाई तथा खानेपानी पाइप खरिद कार्यको रकम रू.७४,०००। (चौहत्तर हजार रुपैयाँ)

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० माईथुम्का स्थित श्री रविचन्द्र प्रा.वि. शै.स.२०७३ मा व्यास १० दुम्सी स्थित श्री शिव मा.वि.मा समायोजन भएको हुँदा सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अनुसार प्राप्त हुने अनुदानको लागि सम्बन्धित निकायमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा कोरोना भाइरस (कोभिड-१९) का कारण हाल क्वारेन्टिन र आइसोलेसनमा रहेका व्यक्तिहरुलाई व्यवस्थापन गर्न आवश्यक Ambulance व्यास न.पा.का Ambulance सञ्चालकहरुबाट १५/१५ दिन सहयोग लिने र उक्त साधनका ड्राइभरलाई आवश्यक सुरक्षा सामग्री सहित मासिक तलव स्केल र सोको ५०% जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।